संघ संस्था दर्ता ऐन
२०३४ अन्तर्गत
स्थापित

# नेपाल शैक्षिक परामर्श संघ

(Educational Consultancy Association of Nepal)
को
विधान २०५३

प्रस्तावनाः-

नेपाल अधिराज्य भरि दर्ता भै संचालनमा रहेका शैक्षिक परामर्शसंग सम्बन्धित कम्पनी एवं फर्म हरुलाई पेशागत हकहितका लागि संगठित गराई मर्यादित तथा अनुशाशित रुपमा भाईचारा राखी सदाचार कायम गरी व्यवसायिक सहयोग, सदभाव, सुझाव एवं आइपर्ने समस्याहरुलाई सामुहिक रुपमा समाधान गर्नु पर्ने वर्तमान परिप्रेक्षमा उपरोक्त उद्देश्यहरु परिपूर्ति गर्नका लागि संस्था दर्ता ऐन, २०३४ अन्तर्गत सम्वन्धित निकायमा यस नेपाल शैक्षिक परामर्श संघ दर्ता हुन आवश्यक देखिएकाले यो विधान तर्जुमा गरि लागू गरिएको छ ।

परिच्छेद-१

१ संक्षिप्त नाम र प्रारम्भः
- क) यस विधानको नाम "नेपाल शैक्षिक परामर्श संघ २०५३ " रहनेछ ।
- ख) यस संघको नाम "नेपाल शैक्षिक परामर्श संघ" र अंग्रेजीमा भ्मगअबतष्यलबि ऋयलकगतिबलअथ ब्ककयअष्बतष्यल या ल्भउबौ रहनेछ ।
- ग) यस संघको छोटकरीमा नाम इक्यान (ECAN) रहनेछ ।

२ यो विधान सम्वन्धित निकायबाट स्वीकृत भई तुरुन्त लागू हुनेछ

३ संस्थाको एउटा छुट्टै छाप हुनेछ ।

३ क) संस्थाको अस्तित्वः
यो संघ एक अविच्छिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामुलक, गैर-राजनीतिक तथा जनहितकारी गैर सरकारीसामाजिक संस्था हुनेछ । संघले आफ्नो नामबाट मुद्दा मामिला सम्वन्धी उजुर, नालेस गर्न र प्रतिवाद समेत गर्न सक्ने छ ।

४ संघको कार्यालयः-
- क) यो संघको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।
- ख) आवश्यता अनुसार अधिराज्यका विभिन्न भागमा स्थानीय अधिकारीहरुको स्वीकृती लिई शाखा, उपशाखा कार्यालयहरु खोल्न सकिनेछ ।

परिच्छेद-२

५ बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमाः
- क) "ऐन" भन्नाले संघ संस्था दर्ता ऐन, २०३४ र त्यसमा भएको संशोधन समेतलाई जनाउँनेछ ।
- ख) संघ भन्नाले "नेपाल शैक्षिक परामर्श संघ" Educational Consultancy Association of Nepal (ECAN) लाई जनाउने छ ।
- ग) "विधान" भन्नाले यस संघको विधान २०५३ लाई जनाउनेछ ।
- घ) "नियम" भन्नाले यस विधानको धारा, उपधारामा उल्लेखित नियम, विनियम र यस संघद्वारा पारित गरिएको नियम विनियम समेतलाई जनाउनेछ ।
- ङ) "समिति" भन्नाले यस संघको कार्यसमिति र विधान बमोजिम गठन हुने अन्य समिति वा उपसमिति समेतलाई जनाउने छ ।
- च) "पदाधिकारी" भन्नाले यस संघका कार्यसमितिका पदाधिकारीहरुलाई जनाउनेछ ।

छ) “कार्यसमिति” भन्नाले यस विधानको परिच्छेद ५ को दफा १३ बमोजिम गठन भएको समितिलाई जनाउनेछ ।

ज) “सभा” भन्नाले यस संघको बार्षिक वा बिशेष साधारण सभा समेतलाई जनाउनेछ ।

झ) “सदस्य” भन्नाले यस विधानको परिच्छेद-४ बमोजिमको सदस्यलाई जनाउनेछ ।

ञ) “आर्थिक वर्ष” भन्नाले श्रावण १ गते शुरु भई अर्को बर्षको आषाढ मसान्तसम्मलाई जनाउँनेछ ।

ट) “छाप” भन्नाले यस संघले तोकिदिएको निशान सहितको छापलाई जनाउनेछ

ठ) “बैठक” भन्नाले कार्यसमितिको बैठकलाई जनाउनेछ ।

ड) “संस्था” भन्नाले शैक्षिक परामर्शसंग सम्वन्धित कार्य गर्ने फर्म वा कम्पनीलाई जनाउनेछ

परिच्छेद-३

५.१ उद्देश्यः

प्रचलित ऐन कानून तथा नेपाल सरकारको नीति निर्देशनको अधिनमा रहि सम्वन्धित निकाय संग समन्वय राखी कार्यालय संचालन गर्ने गरी संघको निम्न उदेश्य रहनेछन् ।

क) संघको सम्पूर्ण सदस्यलाई आफ्नो कर्तव्य र दायित्व प्रति बफादार रही आफ्नो पेशागत हक हितको संरक्षण एवं सम्वर्द्धन गर्ने ।

ख) संघका सदस्यहरुको वीचमा भाइचारा राखी सदाचार कायम गराई संगठित, व्यवस्थीत, मर्यादित एवं अनुशासित रुपमा सम्वन्धको विकास गराई आइपर्ने समस्याहरुलाई सामुहिक रुपमा समाधान गर्न पहल गर्ने /गराउने र सम्पुर्ण शैक्षिक परामर्श क्षेत्रलाई यस उदेश्यमा समेट्न प्रयास गर्ने ।

ग) संघका सदस्यहरुलाई प्रभावकारी, उत्पादनशिल र मित्व्यी एवं समय सापेक्ष बनाउने कार्यमा सहयोग पुऱ्याउन प्रत्यनशिल रहने ।

घ) स्वदेश तथा बिदेशमा संचालन हुने शैक्षिक परामर्शसंग सम्वन्धित सभा, गोष्ठि, सेमिनार तथा प्रदर्शनीमा संघको तर्फबाट प्रतिनिधित्व गर्ने, गराउने ।

ङ) नियमित रुपमा बिभिन्न स्थानमा शैक्षिक मेला गर्ने गराउने ।

च) बिभिन्न संघ संस्थासंग मिली जनहितकारी कार्यक्रम संचालन गर्ने ।

छ) बिभिन्न संघ संस्था तथा सरकारी निकायसंग समन्वय गरी अन्तर्क्रिया सभा सेमिनार, गोष्ठी आदि गर्ने ।

ज) नेपाल सरकारको शिक्षा मन्त्रालयसंग समन्वय गरी शैक्षिक परामर्श व्यवसायलाई व्यवस्थित र मर्यादित बनाउने, नियन्त्रण तथा अनुगमन गर्ने, प्रोत्साहन तथा अन्तरक्रिया गरी बजार व्यवस्थापन गर्न पहल गर्ने ।

झ) बिभिन्न देशका कलेज तथा विश्वविद्यालयसंग समन्वय गरि गरीव तथा जेहेन्दार बिद्याथीहरुलाई छात्रवृत्ति उपलव्ध गराउन पहल गर्ने ।

ञ) बिदेशमा अध्यायन गर्न जाने नेपाली विद्याथीहरुद्वारा नेपालको साँस्कृतिक, सामाजिक एवं पर्यटकीय महत्वको बिषयमा प्रचार प्रसार गर्नका लागि प्रशिक्षित गर्ने कार्यक्रम संचालन गर्ने गराउने ।

ट) राम्रो र असल शैक्षिक परामर्श प्रदान गर्ने व्यवसायीहरुको पहिचान गरी पुरस्कृत गर्ने ।

ठ) बिभिन्न देशको कुटनीतिक नियोगसंग समन्वय गरी तालिम समेतको शैक्षिक गतिविधि संचालन गर्ने गराउने ।

ड) शैक्षिक परामर्श व्यवसायीहरुको हकहित तथा पेशालाई मर्यादित बनाउने खालको सूचना मूलक कार्यक्रमहरु पत्रपत्रिका एवं रेडियो, टेलिभिजन मार्फत प्रसार गर्ने गराउने ।

ढ) अभिभावक तथां विद्यार्थी वर्गलाई लक्षित गरी शैक्षिक सूचना उपलव्ध गर्ने गराउने ।

५.२ संघको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :- संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति र इजाजत प्राप्त गरी उपरोक्त उद्देश्य कार्यन्वयन गर्न देहायका कामहरु गर्नेछ :-

(क) संस्थालाई आवश्यक पर्ने भवन निमार्ण एवं अन्य कार्यक्रम संचालन गर्ने, जग्गा खरिद गर्ने, भाडामा लिने र कम्प्युटर, टेलिफोन, टाइपराइटर, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्ने वा भाडामा लिई प्रयोग गर्ने ।

(ख) संघद्धारा व्यक्ति सरह चल अचल सम्पती प्राप्त गर्ने, भोग गर्ने,वेचविखन गर्ने तथा कुनै प्रकारले हकछाडि लिन दिन आवश्यक अनुसार अन्य किसिमले व्यवस्था गर्ने ।

(ग) संघलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरु निर्धारण गर्ने,

(घ) संघमा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्ने ।

(ङ) समय-समयमा स्वदेश तथा विदेशमा प्रशिक्षण, सेमिनार, गोष्ठी, तालिम तथा अन्य कार्यक्रमहरु संचालन गर्ने ।

(च) बार्षिक मुख-पत्र प्रकाशन गर्ने ।

(छ) अन्य आवश्यक कार्यहरु गर्ने ।

## परिच्छेद-४

६ सदस्यता प्राप्त गर्न आवश्यक योग्यता: शैक्षिक परामर्शसंग सम्वन्धित कार्य गर्नका लागि प्रचलित कानून तथा नेपाल सरकारको नीति बमोजिम सम्वन्धित निकायमा दर्ता कायम भई संचालनमा रहेका नेपाली नागरिकहरुको संस्थाले देहायको अवस्था पुरा गरेमा यस संघको सदस्ता प्राप्त गर्न सक्नेछन:-

क) संस्था दर्ता भई संचालनमा आएको १ बर्ष पुरा भएको,

ख) संघको कार्य समितिले तोके अनुसारको प्रर्याप्त भौतिक पूर्वाधार एवं अन्य शर्तहरु पुरा गरेको,

ग) कम्तिमा स्नातक पास गरेको व्यक्तिहरु संचालक भएको,

घ) संस्थाको संचालक हुने व्यक्ति नैतिक पतन देखिने फौजदारी मुद्दामा सजाए नपाएको व्यक्ति,

ङ) संस्थाको संचालक हुने व्यक्ति भ्रष्टाचार, ठगी किर्ते एवं सार्वजनिक सम्पत्तिको हिनामिनामा संलग्न नभएको,

च) संघको उद्देश्य एवं कार्यक्रम प्रति अभिरुची राखेर समर्पीत भएको ,

ज) संघको कम्तिमा २ साधारण सदस्यले सिफारीस गरेको,

७ सदस्यको प्रकार:

(क) संस्थापक सदस्य : यस संघ दर्ता हुँदाको समयमा कायम रहेका सदस्यहरुलाई संस्थापक सदस्य भनिनेछ । साधारण सदस्य सरह लाग्ने नविकरण शुल्क बुझाई आएका संस्थापक सदस्यहरुले साधारण सभामा उपस्थित भई आफ्नो मत प्रयोग गर्न र कार्य समितिको निर्वाचनमा उम्मेदवार हुन एवं मताधिकार प्रयोग गर्न पाउने छन् ।

ख) साधारण सदस्यः- यस संघको बार्षिक नविकरण शुल्क बुझाई सदस्यता कायम राखेका सदस्यहरुलाई साधारण सदस्य भनिनेछ । साधारण सदस्यले साधारण सभामा उपस्थित भई आफ्नो मत प्रयोग गर्न र कार्यसमितिको निर्वाचनमा उम्मेदवार हुन एवं मताधिकार प्रयोग गर्न पाउनेछन् ।

ग) अस्थायी सदस्यः नयाँ सदस्यता प्रदान गर्दा १ वर्षको समय तोकिइनेछ, त्यस्ता सदस्यलाई अस्थायी सदस्य भनिनेछ र अस्थायी सदस्यहरुले कार्य समितिको उम्मेदवार हुन बाहेक साधारण सभामा भाग लिन र मताधिकार प्रयोग गर्न पाउने छन् ।

घ) आजीवन सदस्यः संघको विकासको लागि विशेष सहयोग पुऱ्याई एकमुष्ट रु ११०,०००।- बुझाई सदस्ता प्राप्त गरेको सदस्यलाई आजिवन सदस्य भनिनेछ । संघको विधान एवं नीति नियम भित्र रहँदासम्म आजिवन सदस्य कायम रहने छ । आजीवन सदस्यहरुले साधारण सभामा उपस्थित भई आफ्नो मत प्रयोग गर्न र कार्यसमितिको निर्वाचनमा उम्मेदवार हुन एवं मताधिकार प्रयोग गर्न पाउनेछन् ।

ङ) मानार्थ सदस्यःमानार्थ सदस्यता प्रदान गर्नका लागि कार्य समितिले गरेको सिफारीस साधारण सभाले अनुमोदन गरेमा मानार्थ सदस्यता प्रदान गरिनेछ । मानार्थ सदस्यलाई मताधिकार रहने छैन ।

८ सदस्य शुल्क र सदस्ता प्रदान गर्ने विधिः-

यस संघको कार्य समितिले अन्यथा व्यवस्था गरेमा बाहेक सदस्यहरुले प्रवेश शुल्क रु १०,०००।- र वार्षिक शुल्क रु ५,०००।- तिरी सदस्यता लिन सक्नेछन् ।

क) सदस्यहरुले १ आर्थिक वर्ष समाप्त भएको मितिले १ महिना भित्र बार्षिक नविकरण शुल्क रु ५०००।- वुझाई नविकरण गराई सक्नु पर्नेछ सो मिति भित्र नविकरण नगराएमा थप दस्तुर रु २०००।- तिरी आश्विन मसान्त सम्ममा नविरकण गराई सक्नु पर्ने छ सो समय भित्र पनि नविकरण नगराएमा संघबाट स्वतः सदस्यता रद्द हुनेछ ।

ख) कार्यसमितिले तोकेको परिधि पुरा गरेका संस्थाले यस संघको सदस्यता प्राप्त गर्न सक्नेछन् ।

तर साधारण सभा बोलाइएको अवस्थामा लागू भएको आर्थिक बर्षको नवीकरण शु:ल्क नबुझाई साधारण सभामा भाग लिन र मताधिकार प्रयोग गर्न पाउने छैन ।

९ सदस्यताको समाप्ति :-देहायको अवस्थामा संघको सदस्यता समाप्त हुनेछः

क) सदस्य संस्थाले सदस्यता त्याग गर्न दिएको राजीनामा वा निवेदन स्वीकृत भएमा

ख) सदस्य संस्थाको दर्ता खारेज भएमा,

ग) संघको विधान एवं अचारसंहिता विपरित काम कारवाही गरेमा ।

घ) संघको बिधान अनुसार बुझाउनु पर्ने शुल्क नवुझाएमा ।

ङ) साहुको दामासाहीमा परि कम्पनी टाट पल्टेमा

च) भ्रष्टाचार ठगी, चोरी, किर्ते समेतका नैतिक पतन देखिने फौजदारी मुद्दामा सजाय पाएको व्यक्ति सदस्य संस्थाको संचालक भएकोमा,

छ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको व्यक्ति संलग्न भई संस्था संचालन गरेमा,

ज) संघको हित एवं सम्पत्तिमा बेइमानी वा वद्नियत पूर्ण काम गरेमा वा गर्न खोजेमा,

झ) सदस्ता प्राप्त गर्ने योग्यता गुमाएमा,

तर दफा (क) र (ख) बाहेक अन्य अवस्थाहरुमा सदस्यहरुलाई सफाई दिने मौका दिइनेछ र कार्य समितिलाई मनासिब माफिकको कारण लागेमा पुनः सदस्यता दिईनेछ ।

## परिच्छेद-५
## साधारण सभा तथा बैठक सम्वन्धी व्यवस्था

१० साधारण सभाको गठन
मानार्थ सदस्य वाहेकका अन्य सदस्यहरुको एक साधारण सभा हुनेछ । साधारण सभा यस संघको सर्वोच्च अंग हुने छ ।

१०.१ यस संघको सभा देहाय बमोजिम हुनेछ :-
- क) बार्षिक साधारण सभा
- ख) बिशेष साधारण सभा ,

११ साधारण सभाको अधिवेशनः- साधारण सभा प्रत्येक आर्थिक बर्षमा एक पटक हुनेछ । यस्तो साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले २ महिना भित्र गरिनेछ र १/४ सदस्यले लिखित निवेदन कार्यसमितिलाई दिएमा कार्यसमितिले निवेदन प्राप्त गरेको ७ दिन भित्रमा बिशेष साधारण सभा बोलाउनु पर्ने छ तर साधारण सभा वा बिशेष साधारण सभा समाप्त भएको ६ महिना भित्र अर्को सभा बोलाइनै छैन ।
- क. साधारण सभा वा बिशेष साधारण सभाको गणपुरक संख्या ५१% हुनेछ । साधारण सभामा भाग लिन र कार्यसमितिको उम्मेदवार हुन कानून तथा विधान अनुसार योग्य भएको प्रतिनिधि हुनु पर्नेछ, त्यस्तो प्रतिनिधि र उम्मेदवारको लागि सम्वन्धित सदस्य संघले निर्णय गरी पठाउनु पर्नेछ
- ख) संघको वार्षिक साधारण सभा गर्नका लाीग कम्तिमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तिमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति, समय र छलफल गर्ने विषय खोली संघको सबै सदस्यालाई जनकारी हुने गरी सूचना दिइनेछ ।
- ग) दफा ११(क) बमोजिम बोलाइएको साधारण सभा वा विशेष साधारण सभा बस्न गणपुरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः सभा बोलाइने छ र त्यस्तो सभामा उपस्थित संख्यालाइ नै गणपुरक संख्या मानि सभा बस्ने छ ।
- घ) साधारण सभा र विशेष साधारण सभाको छुट्टा छुट्टै निर्णय पुस्तिका राखिने छ ।

१२ साधारण सभाको काम कर्तव्य र अधिकारः
- क) बार्षिक प्रतिवेदन तयार गर्ने ।
- ख) संघको आगामी नीति तथा कार्यक्रम तयार गर्ने ।
- ग) वार्षिक बजेट बनाउने ।
- घ) पदाधिकारीहरु विरुद्ध अविश्वासको प्रस्ताव पारित गर्ने ।
- ङ) कार्य समितिको गठन गर्ने ।
- च) लेखापरिक्षकको नियुक्त गर्ने ।
- छ) आवश्यकता अनुसार अन्य विषयहरु ।

१३ कार्यसमितिको गठनः
- क) संघका साधारण सभाबाट निर्वाचित १३ सदस्सीय एक कार्यसमितिको गठन गरिनेछ ।
- ख) संघको उद्देश्य प्राप्तिको क्रममा संचालन गर्नु पर्ने काम, कर्तव्य कार्यसमिति बाट गरिनेछ । कार्यसमितिको कार्यकाल निर्वाचित भएको मितिले २ वर्षको हुनेछ तर आर्थिक बर्षको हिसावले साधारण सभा बोलाइँदा कुनै छोटो अवधिको लागि कार्यसमितिको पदाधिकारीको पदावधि घटबढ भएमा अन्यथा मानिने छैन । कार्य समितिमा निम्न पदाधिकारी तथा सदस्य रहने छनः

  अध्यक्ष-१

  उपाध्यक्ष-१

महा-सचिव-१
सचिव-१
कोषाध्यक्ष-१
सदस्य-८

ग) बीचको अवधिमा कार्यसमितिको पदाधिकारीको पद रिक्त भएमा अर्को निर्वाचन नभएसम्मको लागि कार्यसमितिले तोके बमोजिम रिक्त पदपुर्ति गरिनेछ तर ५०% भन्दा बढी पदाधिकारीहरुको पद रिक्त भएमा तदर्थ समिति गठन गरी बार्षिक साधारण नहुँदासम्म कार्य समितिको कार्य तदर्थ समितिले गर्नेछ ।

१४ कार्य समितिको बैठकः

क) २ महिनामा ननाघ्ने गरी कार्य समितिको बैठक बस्नेछ तर अध्यक्षले आवश्यक ठानेमा कुनै पनि समयमा पूर्व सूचना दिई बैठक वोलाउन सक्नेछ

ख) कार्य समितिको बैठक बस्न कम्तिमा बहुमत पदाधिकारीको उपस्थिती हुनु पर्छ ।

ग) बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निज अनुपस्थित भएमा उपाध्यक्षले गर्नेछ तर उपाध्यक्ष पनि अनुपस्थित भएमा पदाधिकारीहरु आफू मध्येबाट छानेकोले अध्यक्षता गरि बैठक संचालन गर्नेछ ।

१५ कार्य समितिको काम कर्तव्य र अधिकार

क) साधारण सभाको बैठकले निर्णय गरेको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

ख) नेपाल सरकारका निकायहरु र अन्य संघ संस्था वा गैर सरकारी संघ संस्थाहरु र समितिहरुसंग समन्वय राखी संघको हक, हितको रक्षा गर्न तत्पर रहने ।

ग) विधान अन्तर्गत रही आइपर्ने कठिनाई हटाउन नियम उपनियम तथा विनिमहरु तर्जुमा गर्ने, गराउने तथा लागू गर्ने ।

घ) पूर्व सूचना विना कार्यसमितिको कुनै सदस्यहरुले लगातार ३ पटकसम्म वैठकमा अनुपस्थित रहेमा निजलाई कार्यसमितिले कारवाही गर्न सक्नेछ । त्यस्तो कारवाहीमा परेका सदस्यहरुलाई स्पष्टिकरण माग गर्ने, निलम्वन गर्ने वा सदस्यता समाप्त समेत गर्न सक्नेछ तर त्यस्तो कारवाही गर्दा सदस्यलाई मनासिव माफिकको समय दिई सफाई पेश गर्न मौका दिइनेछ ।

ङ) उप-समिति वनाउने र तिनीहरुको काम, कर्तव्य तोक्ने ।

च) सल्लाहकार, विशेषज्ञहरुको छनौट गर्ने, बिघटन गर्ने तथा तिनीहरुको काम, कर्तव्यको वारेमा निर्देशन दिने ।

छ) विधानमा उल्लेखित काम, कर्तव्यहरु गर्ने ।

ज) प्रचलित ऐन कानून, विधान तथा आचारसंहिता एवं पेशागत मर्यादा विपरित काम कारवाही गर्ने सदस्यहरुलाई स्पष्टिकरण माग गरी निलम्वन र सदस्यता समाप्त समेतको कारवाही कार्यसमितिले गर्न सक्नेछ तर त्यस्तो कारवाही गर्दा सदस्यहरुलाई मुनासिव माफिकको समय दिई सफाई पेश गर्ने मौका दिइनेछ ।

झ) यस संघको प्रतिष्ठा अभिवृद्धि गर्न आवश्यक पर्ने सभा, गोष्ठि, सेमिनार प्रदर्शनी मेला आदिको आयोजना गर्ने, गराउने ।

ञ) समयानुकुल आचारसंहिता निर्माण गरी लागु गराउनका लागि आवश्यकता अनुसार साधारण सभाबाट अनुमोदन गराउने ।

ट) आवश्यकता अनुसार कर्मचारीको नियुक्ती, कारवाही तथा सेवा शर्त सुविधा तोक्ने ।

ठ) विधान आचारसंहिता, व्यावसायीक नैतिकता तथा मर्यादा पालना भए नभएको सन्दर्भमा सदस्य संस्थाहरुको अनुगमन गर्ने, निर्देशन दिने र आवश्यकता अनुसार कार्यवाही गर्ने ।

परिच्छेद-६

१६ पदाधिकारीहरुको काम कर्तव्य र अधिकारः

क) अध्यक्षको काम, कर्तव्य र अधिकार
  १) साधारण सभा तथा कार्य समितिको बैठकहरुको अध्यक्षता गर्ने ।
  २) संघका सम्पूर्ण कार्यालयको रेखदेख गर्ने तथा सो को जिम्मेवारी लिने ।
  ३) बैठकमा वरावर मत हुन आएको खण्डमा निर्णायक मत दिने ।
  ४) अपर्झट आई पर्ने कार्यको सन्दर्भमा पछि कार्यसमितिको बैठकमा अनुमोदन गराउने गरी व्यक्तिगत निर्णय दिने ।
  ५) कार्य समितिका सदस्यहरुलाई विधान अनुसार आवश्यक निर्देशन दिने ।

ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः
  १) अध्यक्षको अनुपस्थितीमा अध्यक्षले गर्ने सबै काम गर्ने ।
  २) अध्यक्षको दैनिक कार्य संचालनमा सहयोग गर्ने ।
  ३) अध्यक्षको पद रिक्त हुन आएमा उपाध्यक्षले कार्य समितिको कार्यवाहक अध्यक्ष भई काम गर्ने ।

ग) महासचिवको काम, कर्तव्य र अधिकार
  १) संघको लेखापढि, पत्राचार र कार्यालय सम्वन्धि कार्यको जिम्मेवारी वहन गर्ने ।
  २) अध्यक्षको राय सल्लाह अनुसार कार्य समिति र साधारण सभाको वैठकहरु वोलाउने र सो सम्वन्धि सूचना सदस्यहरुलाई दिने ।
  ३) संघको प्रतिवेदन तथा कार्यक्रम तयार पारि कार्य समिति तथा साधारण सभामा पेश गर्ने ।
  ४) कार्य समितिको बैठक र सभाले पारित गरेको निर्णयहरुको अभिलेख राख्ने, वा राख्न लगाउने ।

ग.१ सचिवको काम, कर्तव्य र अधिकार
  क) महासचिवको अनुपस्थितीमा महासविचले गर्ने कार्य गर्ने ।
  ख) अध्यक्ष र महासचिवको राय सल्लाह अनुसार कार्यसमिति र साधारण सभाको बैठकहरु बोलाउने र सो सम्वन्धि सुचना सदस्यहरुलाई दिने ।
  ग) अध्यक्ष र महासचिवले दिएको अन्य जिम्मेवारी पुरा गर्ने ।
  घ) अभिलेख सुरक्षित राख्ने ।

घ) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः
  १) संघको आय-व्यय सम्वन्धि हर हिसावको सम्पूर्ण जिम्मेवारी वहन गर्ने ।
  २) कार्यसमिति तथा साधारण सभा समक्ष संघको आम्दानी खर्चको विवरण पेश गर्ने
  ३) संघको वार्षिक वजेट तयार पारि स्वीकृतको लागि कार्य समितिमा पेश गरी साधारण सभाबाट अनुमोदन गर्ने, गराउने ।
  ४) संघको लेखा परिक्षण गराउने ।

ङ) सदस्यहरुको काम, कर्तव्य र अधिकारः
संघले आयोजना गरेको बैठकमा उपस्थित हुने, बैठकमा छलफल भएका विषयहरुमा राय सुझाव दिने, संघको काम, कर्तव्य र निर्णयहरु वारे चासो राखी अनुशासन पूर्वक तोकिएको कार्य गर्ने ।

## परिच्छेद-७
## आर्थिक व्यवस्थापन

१७ आर्थिक श्रोतः
संघको आर्थिक श्रोत प्रवेश शुल्क, वार्षिक शुल्क, अनुदान, उपहार आदि हुनेछन् र वैदेशिक सहायता लिनु पूर्व नेपाल सरकारको स्विकृती लिइनेछ ।

१८ चल अचल सम्पत्तीको विवरणः

विधानको धारा १७ मा उल्लेख भएको आर्थिक श्रोतबाट प्राप्त रकम नियम अनुसार प्राप्त गरिएको अन्य सम्पतीहरु संघको चल अचल सम्पत्ति हुनेछ ।

१९ कोष

क) संघको एक कोष रहनेछ र यसबाट संघलाई प्राप्त हुने सदस्यता शुल्क, वार्षिक शुल्क, अनुदान उपहार आदि सम्पूर्ण आय जम्मा गरिनेछ र संघको खर्च यसै कोषबाट गरिनेछ ।

ख) संघको कोष कुनै वाणिज्य वैंकमा खाता खोली संचालन गरिनेछ र वैंक मार्फत संघको खाता संचालन गर्दा अध्यक्ष, उपाध्यक्ष मध्येबाछ एक जना र महासचिव, कोषाध्यक्ष मध्येबाट १ जना गरी जम्मा २ जनाको संयुक्त दस्तखतबाट खाता संचालन गरिनेछ । खाता संचालन गर्ने कुनै पदाधिकारीको अनुपस्थिति रहेमा उल्लेखित अन्य पदाधिकारीहरु मध्ये कुनै २ जनाको संयुक्त हस्ताक्षरबाट खाता संचालन गर्न बाधा पुग्ने छैन ।

२० लेखा परिक्षण

क) साधारण सभाले तोकेको रजिष्टर्ड लेखा परीक्षकद्धारा संघको लेखा परिक्षण गराइनेछ ।

ख) लेखापरीक्षण प्रतिवेदन प्रत्येक वर्ष साधारण सभा, स्थानीय अधिकारी र सम्वन्धित अन्य निकाय समक्ष पेश गरिनेछ ।

२१ कार्य समितिको निर्वाचन सम्वन्धि व्यवस्थाः

क) कार्यसमितिको सदस्य तथा पदाधिकारीको चयन साधारण सभाबाट निर्वाचन प्रक्रियाद्वारा गरिनेछ । निर्वाचनमा उम्मेद्वार हुन तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

क,१ निर्वाचित पदारधिकारीले तोकिए बमोजिमको सफत लिनु पर्नेछ ।

ख) संघका साधारण सदस्यहरु निर्वाचनमा उम्मेदवार हुन र मतदान गर्न योग्य मानिनेछ ।

ख १) संस्थापक, आजिवन र साधारण सदस्य प्राप्त गरेका संस्थाको प्रतिनिधिहरु कार्यसमितिको पदाधिकारीको लागि उम्मेदवार हुन पाउनेछन् । मानार्थ सदस्य वाहेक अन्य सदस्यहरुले निर्वाचनमा भाग लिई मताधिकार प्रयोग गर्न पाउनेछन ।

ग) संघ दर्ता भएको ६ महिना भित्र विधान अनुसार पहिलो निर्वाचन गराई सो को जानकारी स्थानीय अधिकारीलाई दिइनेछ ।

घ) कार्य समितिको निर्वाचनको लागि वढीमा ३ जनाको एक निर्वाचन समिति हुनेछ । कार्य समितिको निर्णय बमोजिम निर्वाचन समिति गठन गरिने छ ।

ङ) निर्वाचन समितिले कानूनको परिधी भित्र रहेर निर्वाचन कार्यविधी आफै व्यवस्थित गर्ने छ

च) निर्वाचन सम्वन्धी विवाद उत्पन्न भएमा सो विवाद उपर निर्वाचन समितिले निर्णय गर्नेछ र यो निर्णय अन्तिम हुनेछ

छ) निर्वाचन सम्पन्न भएपछि निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

२२ अविश्वासको प्रस्ताव

कार्य समितिको कुनै पदाधिकारीले यस संघको विधान तथा उद्देश्य विपरित कार्य गरी संघलाई हानी नोक्सानी पुऱ्याएमा वा पुऱ्याउन खोजेको कुरा प्रमाणित भएमा साधारण सदस्यको एक तिहाई सदस्यले लिखित निवेदन कार्य समितिमा दर्ता गराउनु पर्नेछ र साधारण सभाबाट दुई तिहाई बहुमतले पारित हुनु पर्दछ तर अभियोग लागेको पदाधिकारीलाई सफाईको मौकाबाट वन्चित गरिने छैन ।

२३ विधान संशोधन

क) संघको विधान संशोधन गर्न आवश्यकता पर्न आएमा सो को प्रस्ताव साधारण सभा, विशेष साधारण सभामा पेश गरिनेछ । साधारण वा विशेष साधारण सभामा गणपुरक संख्याको दुई तिहाई वहुमतद्धारा निर्णय गरेको कुरा सम्वन्धित निकायबाट स्वीकृती लिई विधान संशोधन गरिनेछ ।

ख) यस विधानमा उल्लेख भएको कुराको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ । यसरी गरीएको व्याख्या कुनै पनि सदस्यलाई चित्त नवुझेमा साधारण सभामा अपिल गर्न सक्नेछ

२४ विनियम वनाउने:

कार्यसमितिले उपयुक्त देखेमा वा आवश्यक ठानेमा यसै विधान अन्तरगत रहेर विनियमहरु वनाउन सक्नेछ । उक्त विनियमहरुको अनुमोदन साधारण सभाबाट हुनु पर्नेछ ।

२५ संस्थाको विघटन

विधान अनुसार यस संघ संचालन हुन नसकेको वा अन्य कारणवश संघ विघटन हुन गएमा यसको सम्पूर्ण चल अचल सम्पत्ति नेपाल सरकारमा सर्नेछ ।

२६ निस्क्रियता

यस विधानमा लेखिएका कुराहरु प्रचलित ऐन कानूनसंग वाँझिएमा वाझेको हदसम्म स्वतः निस्क्रिय हुनेछ ।

२७ प्रमाणिकरण

यस संघको तर्फबाट तयार गरिने सम्पूर्ण कागजातहरुको प्रमाणिकरण संघको कार्य समितिले गर्नेछ ।

२८ बचाउ

यस संघको भलाईको लागि असल नियतले गरेको कुनै पनि काम वा कारवाहीको लागि संघको सदस्यहरु दोषका भागी हुने छैनन । र एउटा सदस्यले गरेको कामको जवाफदेही अर्को सदस्य वा पदाधिकारीले वहन गर्नु पर्ने छैन ।

२९ संघको कार्यक्षेत्र

यस संघले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्ने भोग, चलन, गर्ने वेच विखन गर्ने, दान दातव्य लिने दिने अधिकार राख्दछ ।

३० संघको दायित्व

यस विधान र विधानको अधिनमा रही वनाइने नियम विनियमको विपरित कुनै सदस्यको कुनै पनि कार्यको सम्वन्धमा यस संघको कुनै पनि किसिमको कानूनी दायित्व हुनेछैन ।

३१ प्रतिरक्षाः

यस विधान वा यस संघमाथि वा यस संघका सदस्य वा पदाधिकारी माथि संघको हित तथा भलाईको लागि गरेको वा गरिने कार्य वा गर्नु पर्ने कार्यको लागि यस संघले दावी विरोध तथा प्रतिरक्षाका निम्ति सम्वन्धित अदालतको आदेश प्राप्त गर्ने आवेदन दिन सक्नेछ ।

अनुसूची -१
संघको छाप

संघको ............................. छाप यस प्रकारको हुनेछ ।